# कृषि संजाल कार्यन्वयन कार्यविधि

**पृष्ठभूमि :**

कृषि क्षेत्रसंग आवद्ध निकायहरूको संलग्नता र सहभागितामा सूचना प्रवाह, जनचेतना, तथ्यांक संकलन, कार्यक्रम माग, योजना छनौट, कार्यक्रम संचालन, बजारीकरण तथा अनुगमनमा सहजिकरण गर्ने उद्देश्यको साथै सिमित कृषि प्राविधिकको कार्यक्षमता वृद्धि गरी बढी भन्दा बढी सेवा प्रवाह तथा कृषकको माग सम्बोधन मार्फत समग्र कृषिको बिकास गर्नको लागि र यस माछापुच्छ्रे गाउँपालिकाको कृषि नीति २०७६ मा उल्लेखित कृषि उद्यमी, समूह, सहकारी तथा अन्य सरोकारवाला संलग्न कृषि संजाल मार्फत कृषि सूचना प्रवाह तथा प्रबिधि प्रचार प्रसार गर्ने र एकद्वार प्रणाली अनुसार कार्यक्रम संचालन गर्ने नीति कार्यन्वयन गर्न वान्छनीय भएकोले गाउँ कार्यपालिकाले कृषि संजाल कार्यन्वयन कार्यविधि, २०७६ स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम कृषि संजाल कार्यन्वयन कार्यविधि, २०७६ रहेको छ ।

(क) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) " कृषि शाखा" भन्नाले गाउँपालिकाको कृषि बिकास शाखा लाई बुझाउनेछ,

(ख) "गाउँपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिका भन्ने वुझ्नु पर्छ ।

(ग) "गाँउ संजाल" भन्नाले गाउँपालिका स्तरमा गठन भएको कृषि संजाल भन्ने वुझ्नुपर्छ ।

(घ) "गाउँसभा" भन्नाले गाउँपालिकाको कृषि विकास शाखालाई बुझाउनेछ ।

(ङ) "वडा संजाल" भन्नाले वडा स्तरमा गठन भएको कृषि संजाल भन्ने वुझ्नुपर्छ ।

(च) "सदस्य" भन्नाले कृषि संजालको सदस्यलाई जनाउने छ ।

(छ) "सरोकारवाला" भन्नाले कृषि उपज उत्पादक, कृषक, कृषि समूह, कृषि सहकारी, कृषि सामग्री वितरक, कृषि उपज बिक्रेता, कृषि आबद्ध संघ संस्था आदि लाई बुझाउछ ।

(ज) "संजाल" भन्नाले कृषि सम्बद्ध सरोकारवाला संलग्न संस्था भन्ने बुझ्नु पर्छ ।

(झ) "सार्वजनीक निकाय" भन्नाले सरोकारवाला सरकारी संस्थालाई बुझाउनेछ ।

**३. उद्देश्य :**

यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेको छ ।

गाउँपालिका भित्र कृषि क्षेत्रका माग संकलन गर्ने, नगर क्षेत्र भित्र हुन सक्ने संभावित व्यवसायिक कृषि उत्पादन तथा आबस्यक कार्यक्रमको पहिचान गरी गाउँपालिकालाई सुझाव पेस गर्ने, गाउँपालिकाबाट संचालित कृषि कार्यक्रमको कार्यान्वयन गर्न र संचालित कार्यक्रमको अनुगमन को लागि सहयोग गर्ने तथा पृष्ठपोषण दिने ।

## परिच्छेद - २
## संजाल साधारण सदस्यता तथा कार्य संजाल गठन ।

४. **संजालको सदस्यः** संजालमा आवद्ध हुनको लागि कृषि संजालको सदस्यता लिनु पर्ने छ ।

संजालको सदस्य दुई प्रकारको हुने छ ।

(क) व्यक्ती (ख) संस्था

(क) व्यक्ति सदस्यः वडा भित्र कृषि व्यवसाय गर्दै आएको वा कृषिसामग्री वितरक, बजारीकरणमा संलग्न, यस पालिका क्षेत्र भित्र भएमा पुष्प खेती, कौशी खेती मा संलग्न नेपाली नागरीक हुनु पर्ने छ र फर्म अनिवार्य रुपमा दर्ता भएको हुनुपर्दछ ।

(ख) संस्था सदस्यः बिधिवत संस्था दर्ता गरी संस्थागत रूपमा कृषि समूह/ कृषि सहकारी/ फार्म/कम्पनी मार्फत वडा भित्र कृषि व्यवसाय गर्दै आएको संस्था हुनुपर्दछ ।

५. **संजालको साधारण सदस्यको लागि निवेदनः** संजालमा आवद्ध रहन चाहनेले अनुसूची १ को ढांचामा वडा अध्यक्ष समक्ष निवेदन पेश गर्नु पर्ने छ ।

६. वडा कार्यलयले निवेदक कृषकलाई संजालको साधारण सदस्यको अनुसूची २ को ढाचा अनुसार प्रमाणपत्र उपलव्ध गराउनेछ ।

७. **प्रमाणपत्र नवीकरण तथा साधारण सदस्यता शुल्कः** प्रत्येक साधारण सदस्यले वडास्तरीय कृषि संजालको सदस्यता लिनुपर्नेछ र प्रत्येक दुई वर्षको शुरूमा साधारण सदस्यताको प्रमाणपत्र नवीकरण गराउनुका साथै सदस्यता शुल्क बुझाउनु पर्ने छ । कृषि संजालको सदस्यता शुल्क वापत प्रति व्यक्ती सदस्य रु १००। प्रति वर्ष र संस्था सदस्य रू. २००। प्रति वर्ष हुने छ । नवीकरण शुल्क वापत व्यक्ती सदस्य रु ५०। र संस्था सदस्य रू १००। हुनेछ ।

८. **वडास्तरीय कृषि संजाल कार्य समिति गठन :**

गाउँपालिकाको प्रत्येक वडामा भेग, बाली, कृषिका विभिन्न क्षेत्र समेटिने गरी आवश्यकता अनुसार कम्तीमा ११ र बढीमा २१ सदस्य सम्मको निम्नानुसारको कार्य संजाल रहने छ । जसमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुने छ । मुख्य ५ पदहरुमा कम्तीमा २ जना महिला हुनुपर्नेछ ।

संयोजक - १ जना,

सहसंयोजक - १ जना

सचिव - १ जना

सहसचिव - १ जना

कोषाध्यक्ष - १ जना

सदस्य - १० देखि १५ जना

सल्लाहकार समिति - वडा अध्यक्ष, क्षेत्र हेर्ने कृषि प्राविधिक र सम्बन्धित वडाको कृषि बिज्ञं हुनेछन ।

आवश्यकता अनुसार अन्य उपसमिति पनि बनाउन सकिनेछ⁄

९. **वडास्तरीय कृषि संजाल कार्य संजाल छनौट प्रकृयाः**

क. छनौट समिति : वडा कृषि संजाल छनौट निम्नानुसारको तिन सदस्यले सहजीकरण गर्ने छ ।

१. वडा अध्यक्ष

२. वडा सचिव

३. **कृषि प्राबिधिक**

ख. वडा कृषि भेलाको सूचनाः छनौट संजालले न्यूनतम १५ दिन अगाडी वडा कृषि भेलाको सूचना गर्ने छ । भेलामा उपस्थीत भएका साधारण सदस्यहरुवाट कार्य संजालको चयन हुने छ ।

१०. **संजालमा रही कार्य गर्न आवश्यक योग्यता :**

- कृषि संजाल व्यक्तिगत सदस्य वा संस्थागत सदस्यको लागि संस्थाको मंजुरी पत्र
- १८ बर्ष उमेर पूरा भएको नेपाली नागरिक,
- स्वयंसेवाको भावना भई निस्वार्थ सेवा गर्न मन भएको,
- कुनै किसिमको फौजदारी अभियोग नलागेको,
- सम्बन्धित क्षेत्रभित्र कम्तीमा १ रोपनी क्षेत्रमा कृषि उत्पादन गर्दै आएको, कृषि सामग्री बिक्रि वितरण गरेको वा बजारीकरण गरको वा तालिम प्राप्त व्यक्ती,
- वडा भित्र रहेका कृषि र खेती योग्य जमिनको जानकार भएको,
- कुनै पनि सरकारी निकायमा कार्यरत नभएको, राजनीति दलको प्रमुख पदमा नभएको,
- गाँउपालिका भित्र रहेका सार्वजनीक निकायलाई तिर्नुपर्ने कर वा महसुल बाँकी नरहेको,
- वडा समितिले आवश्यक देखेमा निर्वाचित गाँउसभा सदस्य समेत कृषक भएको भए संजालको संयोजक बन्न बाधा पर्ने छैन।
- कार्यसंजालमा रही सहयोग पुर्याउन चाहने संजालको सदस्यले अनुसूची - ३ अनुसारको सूचक पत्र भर्नु पर्ने छ ।

११. **वडास्तरीय कृषि संजालको छनौटः**

सर्वछनौट समितिले सम्पूर्ण साधारण सदस्यबाट कृषि भेला गराई सर्वसहमतीबाट कार्यसंजाल चयन गर्ने छ । सर्वसम्मत हुन नसकेको पदमा साधारण सदस्य मध्येबाट उम्मेद्वारी दिने र साधारण सदस्यहरूबाट नै बहुमत प्राणालीद्वारा छनौट गर्न सकिनेछ वा वडा समितिले मनोनयन गरी समेत कार्य संजाल चयन गर्न सकिनेछ ।

१२. प्रमाण पत्र उपलब्ध गराउने : छनौट भएका कार्य संजाल पदाधिकारीहरूलाई प्रमाण पत्र उपलब्ध गराउने । (अनुसूची ( २ )

१३. गाउँ कृषि संजालका लागि सदस्य पठाउने : वडास्तरीय कृषि संजालको पहिलो बैठकले छनौट भएका पदाधिकारीहरू वा सदस्यहरू मध्येबाट १ जना गाँउस्तरीय कृषि संजालको लागि निर्णयगरी गाँउपालिका कृषि शाखामा सिफारीस गरी पठाउने छ ।

१४. गाँउस्तरीय कृषि संजाल गठन : गाँउस्तरीय कृषि संजाल ९ सदस्य हुने छ । जसमा गाउँपालिका भित्रका ९ नौ वडास्तरीय कृषि संजाल कार्यसमितिबाट १-१ जना छनौट भई आउने छन् ।

१५. गाँउस्तरीय कृषि संजाल को कार्यसमिति

| | |
|---|---|
| संयोजक | - १ जना |
| सह संयोजक | - १ जना |
| सदस्य सचिव | - १ जना ( कृषि बिकास शाखा प्रमुख ) |
| सदस्य | - ७ जना |

सल्लाहकार समिति - गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति तथा कृषि विज्ञ रहनेछन ।

आवश्यकता अनुसार गाँउ कार्यपालिकाले अन्य उपसमिति बनाउन सक्नेछ ।

१६. गाँउ कार्यसमिति गठन : गाउँपालिका कृषि कार्य संजाल गठन गर्दा माथि उल्लेखित ९ जना सदस्यहरू मध्ये सर्बसम्मत बाट संयोजक, सहसंयोजक तथा सदस्यहरू चयन हुने छन । यदी सर्वसम्मत नभएमा उल्लेखित ९ जना सदस्यहरू मध्येवाट बहुमतीय प्रणालीवाट गाँउ संजाल गठन हुने छ ।

१७. संजाल गठन तथा क्षमता अभिबृद्धि को लागि गाउँपालिका कृषि विकास शाखाले सहजीकरण गर्ने छ ।

१८. गाउँपालिका तथा अन्य सरोकारवालालाई जानकारी गराउने : कृषि शाखाले गठित गाँउ कृषि संजाल कार्य संजालको अनुमोदन गाँउ कार्यपालिका बाट गराइसकेपछि मात्र कार्यान्वयन गराउनु पर्नेछ ।

१९. वडा कृषि संजाल कार्यसमितिको काम कर्तव्य र अधिकार :

- वडास्तरमा रहेका कृषि समूह, सहकारी, फर्म, किसान तथा अन्य सरोकारवाला संग समन्वय गरी समग्र कृषि क्षेत्र बिकासको लागि पहल गर्ने ।
- वडावासी कृषकहरूलाई प्राप्त सूचना प्रवाह गर्ने, वडा कार्यालयवाट कृषि संजालको व्यक्तिगत वा संस्थागत साधारण सदस्यता प्रमाणपत्र उपलब्ध गराउन सहयोग गर्ने ।
- साधारण सदस्यको प्रमाणपत्र नवीकरण गर्ने ।
- साधारण सदस्यता वापतको वार्षिक सदस्यता शुल्क संकलन गरी कोषमा जम्मा गर्ने ।
- वडा कृषि संजाल कार्यसमितिको बैंक खाता मार्फत कोष संचालन गर्ने । कोषको लेखा परीक्षण गराउने ।
- वडा अध्यक्षवाट कोष खर्च कार्यविधि स्विकृत गराई कोष व्यवस्थापन गर्ने ।
- वडाका कृषिहरुको मूख्य मूख्य माग संकलन गरी वडा समिति, गाउँ कार्यपालिका समिति र कृषि बिकास शाखामा पेस गर्ने ।
- वडामा कुन कृषि वस्तु व्यवसायीक रुपमा उत्पादन गर्न सकिन्छ गाँउ संजाललाई सल्लाह दिने ।
- वडा भित्र कृषि उत्पादनमा प्राकृतिक प्रकोप, रोग, किरा वा अन्य कुनै कारण उत्पादनमा कुनै समस्या आएमा तुरुन्त गाँउ कृषि संजाल र गाउँपालिका कृषि शाखामा जानकारी गरी समाधानको उपाय गर्ने गराउने ।
- गाँउपालिकावाट कृषिसँग सम्वन्धित कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।
- गाँउपालिकाबाट संचालित कृषि कार्यक्रम संचालनमा सहजीकरण गर्ने ।
- वडास्तरमा कृषि बजार, संकलन केन्द्र, प्रशोधन केन्द्र, कस्टम हयारिंग केन्द्र आदि स्थापना गर्ने ।
- वडास्तरमा गाउँपालिका वा कुनै अनुमती प्राप्त संघ सस्थाको अनुरोधमा स्थानीय कृषकहरूको लागि कृषि प्रसार कार्यक्रम संचालन गर्ने ।
- गाउँपालिका वा अन्य संस्थावाट संचालित कृषि कार्यक्रमको अनुगमन गरी वडा कार्यालय, गाउँपालिका र कृषि शाखालाई जानकारी गराउने ।
- वडास्तरमा नियमित रुपमा खाद्य सुरक्षा अवस्था विश्लेषण गर्ने ।

**२०. गाँउ स्तरीय कृषि सञ्जाल कार्य समितिको काम कर्तव्य र अधिकार :**

- माछापुच्छ्रे गाउँपालिका कृषि नीति तथा बार्षिक कार्यक्रम अनुसारको क्रियाकलापमा सहकार्य गर्ने

- वडास्तरीय कृषि संजालबाट संकलन भएका मागहरूको विश्लेषण गरी अति महत्वपूर्ण कार्यको प्राथमिकता तोकी गाउँपालिका कृषि बिकास शाखामा पेश गर्ने ।
- गाँउपालिकाको कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने वा सिफारीस गर्ने ।
- गाँउपालिकावाट कृषिसँग संवन्धीत कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।
- गाँउपालिकावाट संचालित कृषि कार्यक्रमको अनुगमन गरी गराई भुक्तानीको लागी सिफारीस गर्ने ।
- गाउँपालिका भित्र कृषि विकास तथा प्रवर्द्धनको लागि आवश्यक पर्ने कार्यक्रम को लागि सम्बन्धित निकायसंग समन्वय गर्ने ।
- वडा स्तरबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा गाउँपालिकाको खाद्य सुरक्षा अवस्था बिश्लेषण गर्ने ।

२०. **वडास्तरीय कृषि संजाल वैठक :** समिति गठन पछि मासिक रूपमा वस्ने छ साथै वडास्तरिय कृषि संजालका संयोजक, वडा अध्यक्ष, गाँउपलिका कृषि शाखाको अनुरोधमा वा आवश्यकता अनुसार बैठक वस्न सक्ने छ ।

२१. **गाँउस्तरीय कृषि संजाल वैठक :** गाँउस्तरीय कृषि संजाल बैठक गठन पछी मासिक रूपमा वस्ने छ साथै गाँउसंयोजक वा गाँउ कृषि शाखाको अनुरोधमा वा आवश्यकता अनुसार वस्न सक्ने छ ।

२३. **संजाल कार्यसमिति दर्ता :** संजालको बिधान तयार गरी वडा स्तरीय कृषि संजाल गाउँपालिका कृषि विकास शाखामा दर्ता गर्ने र प्रमाणपत्र उपलब्ध गराउने साथै सो को जानकारी सम्बन्धित वडा कार्यालयमा गरिनेछ । गाँउ स्तरीय कृषि संजालको दर्ता माछापुच्छ्रे गाउँपालिकाको कार्यालयमा गरिनेछ ।

२४. **संजालको कार्य समिति अवधिः** वडा र गाँउ स्तरीय कृषि संजाल कार्य अवधि २ वर्षको हुने छ ।

२५. **नियमित कृषि कार्यमा वाधा नहुने :** गाँउपालिकाबाट संचालित नियमित कृषि कार्यक्रम संचालनमा कृषि संजालका कारणले मात्र कार्यक्रम संचालनमा बाधा हुने छैन ।

२६. **कार्यविधिमा संशोधन :** आवश्यकता अनुसार गाँउ कार्यपालिकावाट कार्य बिधि संशोधन गर्न सकिने छ ।

२७. **मान्य हुनेः** यो कार्यविधि स्वीकृत हुनुपुर्व माछापुच्छ्रे गाउँपालिकाका विभिन्न वडाहरुमा गठन भईसकेका वडास्तरिय कृषि सञ्जालहरु यसै कार्यविधि अनुसार गठन भएको मानिनेछ ।

**अनुसूची १**

श्रीमान वडा अध्यक्ष ज्यू ,....................नं. वडा कार्यालय,
माछापुच्छ्रे गाउँपालिका, कास्की

बिषयः कृषि संजालको साधारण सदस्यता पाऊँ ।                                        मिति

महोदय,

उपरोक्त सम्वन्धमा मरहामी कृषि संजाल कार्यान्वयन कार्यवीधि, २०७६ अनुसार संजालको साधारण सदस्यको रूपमा रही कार्य गर्न इच्छुक भएकोले तपशिलको विवरण खुलाई निवेदन दिएको छुरछौ ।

**तपशिलः**

१.    साधारण सदस्यको प्रकार (चिनो लागाउनु होस)

क.व्यक्ति साधारण सदस्य ख. संस्था साधारण सदस्य

२. उपलव्ध गराईएको दस्तुर रू.............(वडास्तर कार्य संजालमा बुझाउने)

३. व्यक्ति साधारण सदस्यले उल्लेख गर्नेः

जम्मा परिवार संख्याः .............महिला...........पुरूष........... शैक्षिक योग्यता :

१८ वर्ष भन्दा मुनीकोः १८ वर्ष भन्दा माथिकोः घर मूलीको मूख्य पेसाः

४ परीवारको नाममा रहेको जमीन (क्षेत्रफल)

| सि.नं | खेत | पाखो | भाडामा लिएको जग्गा | जम्मा जग्गा | सिंचित जग्गा | असिंचित जग्गा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

५ सालबसाली गर्दै आएको मूख्य व्यवसाय - (कृषि, पशुपालन, कृषि बजारिकरण, व्यवसाय, सेवा प्रदायक, कृषि सामाग्री उत्पादक, प्लाष्टिक घर विवरण समेत )

| सि.नं | व्यवसायको नाम | हालको अवस्था क्षेत्रफल, संख्या, साइज खुलाउने | बार्षिक लगानी | बार्षिक आम्दानी | सहयोगी संस्था |
|---|---|---|---|---|---|
| | | | | | |

**६ संस्थागत साधारण सदस्यले भर्ने :**

संस्थामा आवद्ध घर परिवार संख्याः ..........महिला..........पुरूष.......

निवेदकको नामः

ठेगाना

टोलः

सम्पर्क नं

**अनुसूचीः २**

**(साधारण सदस्यलाई उपलब्ध गराउने प्रमाण पत्रको ढांचा)**

माछापुच्छ्रे गाउँपालिका

.........नं. वडा कार्यालय

कृषि संजालको साधारण सदस्यताको प्रमाणपत्र

माछापुच्छ्रे गाउँपालिका कृषि संजाल, कार्यान्वयन कार्यविधि, २०७६ अनुसार तपाई श्री............................................................लाई ..........नं. वडाको व्यक्ति/संस्था सदस्यताको यो प्रमाण-पत्र उपलव्ध गराईएको छ ।

...................

वडा सचिव

मिति.....................

वडा अध्यक्ष

(नोटः यो प्रमाणपत्र प्रत्येक दुई बर्षमा नवीकरण गर्नु पर्नेछ ।)

**नवीकरण**

| आर्थीक वर्ष | दस्तुर रु | नवीकरण गर्ने अधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | | |

**अनुसूची : ३**

**वडा र गाँउ कार्य संजालमा रही सहयोग पुर्याउन चाहने संजाल सदस्यले भर्नु पर्ने सूचक पत्र ।**

नाम :

उमेर :

ठेगाना :

सस्थागत सदस्य भए संस्थाको नाम :

संस्थाको ठेगाना :

तलका विवरणमा उल्लेख गर्नु होस ।

१. कृषि संजालको व्यक्तिगत साधारण सदस्यता - छ छैन

२. संस्थागत सदस्यको लागि संस्थाको मंजुरी पत्र - छ छैन

३. पारीश्रमीक नहुने यस कार्यसमितिमा निस्वार्थ स्वयंसेवी भावनाले कार्य संजालमा बसी सेवा गर्ने मन - छ छैन

४. हाल सम्म कुनै फौजदारी अभियोग लागेको - छ छैन

५. हाल खेती गर्दै आएको

क. कुल जमिन :

ख. कृषि उत्पादन :

ग. पशु बा पंक्षीपालन :

घ. बार्षिक लगानी रु :

ङ.कुल आम्दानि रु :

६. वडा मित्र रहेका कृषि, खेती योग्य जमिन र पशुपंक्षी पालनको वारेमा कत्तिको जानकार छ ?

क. राम्ररी थाहा छ ख. अलि अलि थाहा छ ग. जानकारी छैन

७. तपाईले गाउँपालिका भित्र रहेका कुनै सार्वजनिक निकायलाई तिर्नुपर्ने दस्तुर बाँकी छ/छैन

(घरजग्गा कर, मालपोत, विद्युत, खानेपानी टेलीफोन आदी)

**अनुसूचीः ४**

**(वडा कृषि संजाल कार्यसमितिको लागि नमूना प्रमाण-पत्र)**

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि शाखा

कृषि संजाल दर्ता प्रमाण-पत्र

माछापुच्छ्रे गाउँपालिका अन्तर्गत कृषि संजाल कार्यान्वयन कार्यविधि २०७६ अनुसार वडा न.........को ............ पदाधिकारीहरू रहेको वडा कृषि संजाल कार्यसमितिको आ.ब...............................देखि आ.ब............................सम्म (२ वर्षे कार्यकालको लागि) कार्यविधि अनुसार कार्यसमिति संचालन गर्न हुन यो प्रमाण-पत्र उपलव्ध गराईएको छ ।

...............................
कृषि  शाखा प्रमुख

..............
वडा अध्यक्ष

मिति :

**अनुसूचीः ५**
**(कृषि संजालको लागि नमूना प्रमाण-पत्र)**

माछापुच्छ्रे गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
कृषि संजाल दर्ता प्रमाण-पत्र

...............................
प्रमुख प्रशासकीय अधिकृत

...........................
गाउँपालिका अध्यक्ष

माछापुच्छ्रे गाउँपालिका अन्तर्गत कृषि संजाल कार्यान्वयन कार्यविधि २०७६ अनुसार ........सदस्यीय पदाधिकारीहरू रहेको गाउँपालिका स्तरीय कृषि संजाल कार्यसमितिको आ.ब...............देखि आ.ब..................सम्म (२ वर्षे कार्यकालको लागि) कार्यविधि अनुसार कार्यसंजाल संचालन गर्न हुन यो प्रमाण-पत्र उपलब्ध गराईएको छ ।

मिति :

२ जना प्रतिनिधित्व हुने